# पर्यटन पूर्वाधार हस्तान्तरण तथा व्यवस्थापन कार्यविधि, २०८१

<u>प्रस्तावना:</u> बागमती प्रदेश सरकारको लगानीमा निर्माण भएका पर्यटन पूर्वाधारहरुको प्रभावकारी संचालन, दिगो व्यवस्थापन एवम् समुचित उपयोगका लागि पूर्वाधार हस्तान्तरण गरी सोको सञ्चालन एवम् प्रयोगबाट प्राप्त आम्दानीको उचित बाँडफाँट तथा नियमन गर्ने व्यवस्थाका लागि वान्छनीय भएकोले,

प्रदेश पर्यटन ऐन, २०७८ को दफा ११७ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यस मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "पर्यटन पूर्वाधार हस्तान्तरण तथा व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) **"अनुगमन"** भन्नाले पर्यटन पूर्वाधार वा सम्पदा निर्माण, संरक्षण, प्रयोग, सञ्चालन तथा व्यवस्थापनका लागि हस्तान्तरित पूर्वाधार वा सम्पदा निर्धारित शर्त अनुरुप व्यवस्थापन भए नभएको विषयमा मन्त्रालयबाट गरिने जाँचबुझ, सूचना सङ्कलन, विश्लेषण, सुधारात्मक कार्य, समन्वय र सहजीकरण समेतलाई सम्झनु पर्छ ।

(ख) **"आय"** भन्नाले पर्यटन पूर्वाधार र सम्पदाको सेवा वा उपयोगबाट प्राप्त हुने शुल्क वा आम्दानीलाई सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले मन्त्रालय अन्तर्गतको संस्कृति र पर्यटन पूर्वाधार क्षेत्र हेर्ने कार्यालय सम्झनु पर्छ र सो शब्दले मन्त्रालय मातहतका आयोजना समेतलाई जनाउँदछ।

(घ) **"निजी क्षेत्र"** भन्नाले सरकारी क्षेत्र बाहेकका अन्य क्षेत्र सम्झनु पर्छ ।

(ङ) **"निर्देशन"** भन्नाले अध्ययन, अनुगमन वा प्रतिवेदनका आधारमा मन्त्रालयले समिति वा संस्थालाई दिने सुधारात्मक कार्य, सुझाव र सहजीकरण गर्ने कार्यलाई सम्झनु पर्छ ।

(च) **"पर्यटन पूर्वाधार"** भन्नाले मन्त्रालयबाट निर्माण भएका तथा हुने पर्यटकीय भौतिक संरचना, पार्क, मनोरन्जन पार्क, केवलकार, जिपलाइन, बञ्जी, सभाहल, खेल मैदान, खुला मैदान, पदयात्रा मार्ग, पोखरी, ताल तलैया, मनोरम स्थल, सङ्ग्रहालय, साँस्कृतिक, धार्मिक पूर्वाधार साथै मन्त्रालयले तोकेको अन्य संरचनालाई समेत सम्झनु पर्छ ।

(छ) **"पर्यटन सम्पदा"** भन्नाले प्रदेशभित्रका जैविक, प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक लगायतका सम्पदा र सो क्षेत्रले ओगटेको परिसरलाई समेत सम्झनु पर्छ।

(ज) **"प्रतिवेदन"** भन्नाले समिति वा संस्थाका तर्फबाट कार्य प्रगति सहित विभिन्न समयमा मन्त्रालयमा पेश गर्ने प्रतिवेदनलाई सम्झनु पर्छ।

(झ) **"प्रदेश"** भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

(ञ) **"मन्त्रालय"** भन्नाले बागमती प्रदेशको संस्कृति र पर्यटन हेर्ने मन्त्रालय, सम्झनु पर्छ।

(ट) **"समिति"** भन्नाले दफा ८ बमोजिम गठन भएको सिफारिश समिति सम्झनु पर्छ ।

(ठ) **"समिति वा संस्था"** भन्नाले पर्यटन पूर्वाधार वा सम्पदाको हेरचाह, संरक्षण, सम्वर्द्धन तथा सञ्चालनका लागि गठित गैर नाफामूलक समिति वा संस्थालाई सम्झनु पर्छ ।

माननीय मन्त्री

(ड) **"गैरनाफामूलक समिति/ संस्था"** भन्नाले मुनाफा वा लाभांश वितरण गर्ने उद्देश्य नराखी प्रचलित कानून बमोजिम दर्ता भई सामाजिक कार्य गर्ने समिति/संस्थालाई सम्झनु पर्छ।

(ढ) **"पूर्व वातावरणीय सुरक्षा उपाय (प्रि इन्भारोन्मेन्टल सेफगार्ड"** भन्नाले कुनै पनि विकास आयोजना सञ्चालन गर्नु अघि वातावरणमा पर्न सक्ने सम्भावित नकारात्मक प्रभावहरूलाई मूल्याङ्कन गर्ने, न्यूनीकरण गर्ने तथा नियन्त्रण गर्ने उद्देश्यले अवलम्बन गरिने नीति, मापदण्ड, प्रक्रिया र उपायहरूलाई सम्झनु पर्छ।

(ण) **"साझेदार"** भन्नाले पर्यटन पूर्वाधार निर्माण, संरक्षण, विकास, सञ्चालन तथा व्यवस्थापनका लागि मन्त्रालयसँग सहकार्य गर्ने सार्वजनिक निकाय, गैरसरकारी संस्था, सामुदायिक वा निजीक्षेत्र समेतलाई सम्झनु पर्छ।

## परिच्छेद-२
## पर्यटन पूर्वाधार निर्माण एवम् हस्तान्तरण

३. पूर्वाधार निर्माणः (१) प्रदेश सरकारले ऐतिहासिक, धार्मिक, साँस्कृतिक सम्पदा तथा पर्यटन क्षेत्रको विकासका लागि पूर्वाधारको निर्माण एवम् पुनर्निर्माण गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पूर्वाधार निर्माण प्रदेश सरकारले आफ्नै लगानीमा वा स्थानीय तह वा समिति/संस्था वा निजी क्षेत्रको साझेदारी समेतमा गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निजी क्षेत्रबाट साझेदारीमा निर्माण हुने पर्यटकीय पूर्वाधारको लागि आवश्यक पर्ने सरकारी वा निजी जग्गा प्राप्ति गर्ने कार्यमा मन्त्रालयले समन्वय तथा सहजीकरण गर्नेछ ।

(४) निर्माण भएका संरचनाको संरक्षण र सम्वर्द्धन कार्य निश्चित शर्तका अधिनमा रही साझेदार संस्था वा निकायलाई संलग्न गराउन सकिनेछ ।

तर डिजाइन तथा निर्माण (डिजाइन एण्ड विल्ड) को ढाँचामा साझेदारी गर्दा डिजाइन तथा संरचना कार्यालयको सिफारिसमा मन्त्रालयले स्वीकृत गर्नेछ ।

(५) मन्त्रालयले संघीय सरकार तथा स्थानीय तहसँग लागत साझेदारीका आधारमा पर्यटन पूर्वाधार निर्माण, संरक्षण र विकासका लागि आवश्यक सहकार्य गर्न सक्नेछ ।

४. पूर्वाधार हस्तान्तरणः (१) प्रदेश सरकारले आफ्नै लगानीमा निर्माण गरेका पर्यटन पूर्वाधारलाई आफै सञ्चालन गर्न वा स्थानीय तह वा गैर नाफामुलक समिति/संस्थालाई हस्तान्तरण गर्न वा निजी क्षेत्रलाई लिजमा दिन सक्नेछ।

(२) एक करोड रुपैयाँभन्दा कम लागतमा निर्माण भएका पूर्वाधारहरुको संरक्षण, सञ्चालन र व्यवस्थापनका लागि कार्यालयले हस्तान्तरण गर्न सक्नेछ ।

(३) एक करोड रुपैयाँभन्दा बढी लागतमा निर्माण भएका पूर्वाधारहरुको संरक्षण, सञ्चालन र व्यवस्थापनका लागि मन्त्रालयको सहमतिमा कार्यालयले हस्तान्तरण गर्न सक्नेछ।

तर उपदफा (२) र (३) बमोजिमका संरचनाहरु हस्तान्तरण गर्दा जग्गाको स्वामित्व हस्तान्तरण गरिने छैन ।

५. हस्तान्तरण प्रक्रियाः (१) दफा ४ को उपदफा (२) बमोजिम पूर्वाधार हस्तान्तरण गर्दा अनुसूचि १ र अनुसूचि २ बमोजिमको प्रकृया पूरा गरी हस्तान्तरण गर्नुपर्नेछ।

(२) दफा ४ को उपदफा (३) बमोजिम पूर्वाधार हस्तान्तरण गर्दा अनुसूचि-२ , अनुसूचि ३ र अनुसूचि ४ बमोजिमको प्रकृया पूरा गरी हस्तान्तरण गर्नुपर्नेछ।

तर स्थानीय तहले पूर्वाधारहरु हस्तान्तरण लिन नचाहेको जानकारी कार्यालय मार्फत मन्त्रालयमा प्राप्त भएमा निजी क्षेत्रलाई लिजमा उपलब्ध गराउनेगरी मन्त्रालयले प्रस्ताव आह्वान गर्न सक्नेछ । यसरी

प्रस्ताव आह्वान गर्दा सार्वजनिक खरिद ऐन, नियम र प्रदेश सार्वजनिक खरिद नियमावली अनुसारको प्रकृया अगाडि बढाइने छ ।

(४) सामुदायिक वन, सामुदायिक विद्यालय क्षेत्र, गुठी/स्थानीय समूह वा समिति वा संस्थाको स्वामित्वमा रहेको जग्गामा कार्यालयले निर्माण गरेका पूर्वाधारहरुको हकमा भने कार्यालयले सम्बन्धित स्थानीय तहसँग समन्वय गरी सम्बन्धित सामुदायिक वन, विद्यालय, स्थानीय समूह वा समिति वा संस्थालाई निश्चित शर्तका आधारमा व्यवस्थापन तथा सञ्चालनका लागि कार्यालयले सम्झौता गरी हस्तान्तरण गर्न सक्नेछ ।

६. **सञ्चालन र व्यवस्थापनका शर्तः** (१) पर्यटन पूर्वाधार वा सम्पदाको उपयोग गर्दा यसको मौलिकतामा कुनैपनि ह्रास वा क्षति नहुने सावधानीका उपायहरु अवलम्वन गर्नु पर्नेछ।

(२) पर्यटन पूर्वाधार वा पर्यटन सम्पदाको सेवा सञ्चालन गर्दा उत्पन्न हुने फोहरमैला तथा विकार पदार्थको व्यवस्थापनका लागि पूर्व वातावरणीय सुरक्षा उपाय (प्रि इन्भाइरोनमेन्टल सेफगार्ड) मा ध्यान दिनु पर्नेछ।

(३) स्थानीय तह वा समिति वा संस्थाले सञ्चालन तथा व्यवस्थापनका लागि प्राप्त गरेको पर्यटन पूर्वाधार वा पर्यटन सम्पदालाई सम्झौतामा उल्लेख भएको प्रयोजन बाहेकको कार्यमा प्रयोग गर्न पाउने छैन् ।

(४) दफा ५ बमोजिम निजि क्षेत्रलाई पूर्वाधार लिजमा दिनेगरी सम्झौता गर्दा बढीमा १० (दश) वर्षको अवधिका लागि गर्न सक्नेछ। उक्त अवधि समाप्त भए पश्चात पुन लिजमा दिनको लागि ठेक्का प्रकृया अघि बढाईनेछ।

## परिच्छेद-३

## लिजमा दिने पूर्वाधारहरुको आम्दानी सिफारिस समिति

७. **समिति गठनः** (१) पर्यटन पूर्वाधार वा सम्पदालाई लिजमा संचालन तथा व्यवस्थापनबाट प्राप्त हुने अनुमानित आम्दानि एकिन गर्नका लागि देहाय बमोजिमको एक समिति रहने छः-

(क) संस्कृति तथा पर्यटन महाशाखा प्रमुख, मन्त्रालय -संयोजक

(ख) अधिकृत प्रतिनिधि सम्बन्धित स्थानीय तह -सदस्य

(ग) कार्यालय प्रमुख, सम्बन्धित कार्यालय - सदस्य सचिव

८. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क)सम्बन्धित स्थानीय तह र सरोकारवालासँग छलफल, समन्वय र सहकार्य गर्ने,

(ख)सम्झौताका शर्तहरु निर्धारण गरी मन्त्रालयलाई सिफारिस गर्ने,

(ग)लिजमा दिइने पूर्वाधारबाट प्राप्त हुने न्युनतम वार्षिक आम्दानी तय गरि मन्त्रालयमा सिफारिस गर्ने,

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र बैठक सञ्चालन सम्वन्धी कार्यविधि आफैं निर्धारण गर्न सक्नेछ।

(३) समितिले आवश्यकता अनुसार सम्वन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

## परिच्छेद-४

## आय संकलन तथा व्यवस्थापन

९. **आय सङ्कलन सम्बन्धी अन्य व्यवस्था:** (१) पर्यटन पूर्वाधार वा सम्पदा परिसरमा लाग्ने शुल्क र प्रवेश शुल्क स्थानीय तहले तोके बमोजिम र निजी क्षेत्रको हकमा निजि क्षेत्र आफैंले वा स्थानीय तहसँग समन्वय गरी शुल्क निर्धारण गर्न सक्नेछ ।

(२) पूर्वाधारको सेवा शुल्कबाट प्राप्त रकमको कम्तीमा दश प्रतिशत रकम स्थानीय तह/समिति/संस्थाले र निजी क्षेत्रले पर्यटन पूर्वाधार वा सम्पदाको संरक्षण, प्रवर्द्धन र विकासका लागि खर्च गर्नु पर्नेछ ।

१०. **आम्दानी बाँडफाँटको आधार:** (१) दफा ४ बमोजिम स्थानीय तहलाई वा गैर नाफामुलक समिति/संस्थालाई हस्तान्तरण हुने संरचनाबाट प्राप्त आम्दानीको तीस प्रतिशत रकम अर्ध वार्षिक रुपमा प्रदेश सरकारको सञ्चित कोषमा रकम जम्मा गर्नु पर्नेछ ।

(२) सम्बन्धित स्थानीय तह वा गैर नाफामुलक समिति/संस्थामा हस्तान्तरित संरचनाबाट सम्झौता भएको मितिले तिन महिनाभित्रमा आम्दनी गर्ने गरी कार्य अगाडि बढाउनु पर्नेछ।

११. **कार्यालयको कार्य जिम्मेवारी:** पर्यटन पूर्वाधार वा सम्पदा हस्तान्तरण गर्दा वा लिजमा दिँदा कार्यालयको कार्य जिम्मेवारी देहाय बमोजिमको हुनेछः

(क) हस्तान्तरण हुने पूर्वाधार वा सम्पदाको तथ्याङ्क संकलन गर्ने,

(ख) सम्वन्धित स्थानीय तहसँग आवश्यक समन्वय गरी पत्राचार गर्ने,

(ग) हस्तान्तरण हुने पूर्वाधार वा सम्पदाको प्रक्रिया अगाडि बढाउन सम्बन्धित स्थानीय तहको प्रतिनिधि सहितको सहभागितामा अनुगमन/निरीक्षण गरी अनुसूचि-२ बमोजिमको फारमका आधारमा प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्ने,

(घ) दफा ४ को उपदफा (२) बमोजिमका पूर्वाधारहरुको हकमा आवश्यक प्रक्रिया पूरा गरी हस्तान्तरण गर्ने

(ङ) दफा ४ को उपदफा (३) बमोजिमका पूर्वाधारहरुको हकमा आवश्यक कागजात संलग्न राखी सहमतिका लागि मन्त्रालय समक्ष पेश गर्ने,

## परिच्छेद-५

## विविध

१२. **प्रतिवेदन पेश गर्ने:** पर्यटन पूर्वाधार सञ्चालन व्यवस्थापन वा संरक्षण सम्बन्धी 'कार्यको वार्षिक प्रतिवेदन सम्बन्धित स्थानीय तह, समिति वा संस्थाले कार्यालयमा आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र पेश गर्नु पर्नेछ । लिजमा दिएको संस्थाको हकमा वार्षिक प्रतिवेदन मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।

१३. **अनुगमन तथा मूल्याङ्कन गर्ने:** (१) हस्तान्तरित/लिजमा दिएको पर्यटन पूर्वाधार वा सम्पदाको सञ्चालन, व्यवस्थापन संरक्षण, प्रवर्द्धन सम्वन्धी कार्य भए नभएको यकिन गर्न कार्यालय वा मन्त्रालयले अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ ।

(२) अनुगमनकर्ताले पेश गरेको प्रतिवेदनलाई अध्ययन गरी मन्त्रालयले सम्बन्धित स्थानीय तह वा समिति वा संस्थालाई आवश्यक पृष्ठपोषण तथा निर्देशन दिन सक्नेछ ।

१४. **अभिलेखीकरण:** मन्त्रालयले प्रदेश भित्रका हस्तान्तरित पर्यटन पूर्वाधार वा सम्पदाको विवरण सहितको अन्य जानकारीहरु उल्लेख गरी व्यवस्थित अभिलेख राख्नेछ ।

१५. **लेखा परीक्षण:** पर्यटन पूर्वाधार वा सम्पदा सञ्चालनको क्रममा हुने आम्दानी खर्चको लेखा राख्ने र सोको नियमित लेखापरीक्षण गराउने व्यवस्था सम्वन्धित स्थानीय तह वा समिति वा संस्थाले गर्नु पर्नेछ ।साथै उक्त लेखापरीक्षण प्रतिवेदन सम्वन्धित कार्यालयमा समेत पेश गर्नुपर्नेछ।

१६. **सम्झौता रद्द गर्न सकिने:** यस कार्यविधिमा उल्लिखित व्यवस्थाहरुको पलना नभएको खण्डमा यस कार्यविधि बमोजिम हस्तान्तरण भएका आयोजनाहरुको सम्झौता मन्त्रालयले रद्द गर्न सक्नेछ।

१७. <u>कार्यविधि संशोधन तथा परिमार्जनः</u> यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ तर आर्थिक दायित्व सम्वन्धी विषयमा आर्थिक मामिला तथा योजना मन्त्रालयको समेत सहमती लिई संशोधन गर्न सक्नेछ।

**माननीय मन्त्री**

अनुसूची-१

(दफा ४ (२) सँग सम्बन्धित)

बागमती प्रदेश सरकार

संस्कृति तथा पर्यटन मन्त्रालय

## योजना हस्तान्तरण फारम

यस कार्यालयको मिति.............. अनुसारको सम्झौता तथा कार्य आदेश अनुसार निर्माण सम्पन्न भएको निम्न भौतिक संरचना निर्माण गर्ने उपभोक्ता समितिले संरक्षण, मर्मत संभार र सञ्चालन गर्ने प्रतिबद्धता सहित सम्पूर्ण स्वामित्व ग्रहण गर्ने गरी हस्तान्तरण गरियो।

हस्तान्तरण गर्ने कार्यालयको नामः पर्यटन विकास आयोजना,
बागमती प्रदेश

| क्र.म. | निर्माण भएको भौतिक संरचनाको | | ईकाइ | परिमाण | निर्माण लागत | कैफियत |
|---|---|---|---|---|---|---|
| | योजनाको नाम र किसिम | ठेगाना | | | | |
| | | | | | | |

संरचना बुझाउने

नामः छाप

पदः

दस्तखत

मितिः

बुझिलिने निर्माण समितिको

अध्यक्षको छाप

नामः

पदः अध्यक्ष

दस्तखत

मिति

साक्षि

नामः

पदः

दस्तखत

मिति

साक्षि (संबन्धित वडा अध्यक्ष)

नामः

पदः वडा अध्यक्ष

दस्तखत

मिति

माननीय मन्त्री

अनुसूची-२

(दफा ४ (२) र (३) सँग सम्वन्धित)

# पर्यटन पूर्वाधार अनुगमन तथा निरीक्षण फारम

(पर्यटन पूर्वाधार हस्तान्तरण प्रयोजनार्थ)

१. आयोजनाको नामः

२. ठेगानाः जिल्लाः स्थानीय तहः वडा नं.

३. निर्माण भएको पूर्वाधार वा सम्पदाको जग्गाको भोगाधिकारः
(क) राष्ट्रिय वन/सामुदायिक वन (ख) राष्ट्रिय निकुञ्ज (ग) सामुदायिक विद्यालय
(घ) गुठी संस्था (ङ) समूह/समिति (च) अन्य/सार्वजनिक

४. आयोजनाको प्रकृतिः (क) नयाँ निर्माण (ख) पुनःर्निर्माण/जीर्णोद्वार (ग) मर्मत/सुधार

५. आयोजना निर्माण प्रक्रियाः
(क) बोलपत्र (ठेक्का) (ख) उपभोक्ता समिति (ग) व्यवस्थापन समिति (घ) गुठी संस्था
निर्माण कं./उपभोक्ता/व्यवस्थापन समितिको नामः

६. आयोजनाको विवरण
(क) सम्झौता मितिः (ख) सम्पन्न मितिः
(ग) विनियोजित रकमः (घ) खर्च रकमः

७. पर्यटन पूर्वाधार वा सम्पदाको किसिमः
(क) मठ/मन्दिर/गुम्बा (ख) चर्च/मस्जिद (ग) स्मारक/दरबार/गढी (घ) पाटी/पौवा/प्रतिक्षालय
(ङ) सामुदायिक भवन (च) संग्रहालय (छ) पर्यटकीय पार्क/तालतलैया (ज) अन्य

८. आयोजना स्थल वा परिसरमा अन्य भौतिक पूर्वाधार भए/नभएकोः
(क) शौचालय (ख) पिउने पानी (ग) प्रतिक्षालय/विश्रामस्थल (घ) अन्य

९. पूर्वाधार वा सम्पदा रहेको क्षेत्र संरक्षणको अवस्थाः
(क) तारवारले घेरिएको (ख) कम्पाउण्ड वाल लगाइएको (ग) खुल्ला छोडिएको

१०. पूर्वाधारको मर्मत-संभार गर्नुपर्ने वा नपर्ने (यदि पर्ने भएमा) लाग्ने कूल लागतः अनुमानित रु.

११. पूर्वाधार वा सम्पदाबाट आम्दानी गर्न सकिने सम्भावना छ/छैनः

१२. अन्य सान्दर्भिक विषयहरुः

पेश गर्नेः
दस्तखतः
प्राविधिक कर्मचारीः
कार्यालयः

प्रमाणित गर्नेः
दस्तखतः
कार्यालय प्रमुखः
कार्यालयः

रोहबरः
स्थानीय जनप्रतिनिधिको नामः
पदः
स्थानीय तहः

अनुसूची-३

दफा ४ सँग सम्बन्धित

## बागमती प्रदेश सरकार

## संस्कृति तथा पर्यटन मन्त्रालय

पर्यटन पूर्वाधार वा सम्पदा संचालन, संरक्षण तथा व्यवस्थापनका लागि पूर्वाधार हस्तान्तरण गर्दा निम्न कागजात संलग्न हुनु पर्नेछ ।

१. स्थानीय तह, समिति/संस्थाको निवेदन
२. सम्बन्धित स्थानीय तहको सिफारिस
३. समितिको निर्णय
४. स्थानीय तहको हकमा कार्यपालिकाको निर्णय
५. सञ्चालन तथा व्यवस्थापन कार्ययोजना
६. मन्त्रालयले तोकेका अन्य कागजातहरु

अनुसूची-४

(दफा ४ (३) सँग सम्बन्धित)

## बागमती प्रदेश सरकार

## संस्कृति तथा पर्यटन मन्त्रालय

बागमती प्रदेश सरकार, संस्कृति तथा पर्यटन मन्त्रालय, हेटौडा (यस पछि प्रथम पक्ष भनिएको) र ............................................. (यस पछि दोस्रो पक्ष भनिएको) बीच पर्यटन पूर्वाधार वा सम्पदाको सञ्चालन तथा व्यवस्थापनका लागि तपसिल बमोजिम हुनेगरी यो सम्झौता गरिएको छ ।

तपसिल

१. पर्यटन पूर्वाधार वा सम्पदाको नाम :

२. पर्यटन पूर्वाधार वा सम्पदाको ठेगाना :

३. पर्यटन पूर्वाधार वा सम्पदाको किसिम र चर्चेको क्षेत्रफल:

४. पर्यटन पूर्वाधार वा सम्पदाको सञ्चालन, उपयोग वा सेवा लिएवापत दोस्रो पक्षले प्रथम पक्षलाई अर्ध वार्षिक रुपमा (असार मसान्त र पुस मसान्तमा) प्राप्त आम्दानीको ३० प्रतिशतले हुन आउने रकम प्रथम पक्षको राजश्व खातामा दाखिला गर्नुपर्नेछ ।

५. दोस्रो पक्षले पर्यटन पूर्वाधार वा सम्पदाको सञ्चालन, व्यवस्थापन र उपयोगका लागि आफैं वा व्यक्ति-संघ-संस्था वा समितिसँग ठेक्काबाट सञ्चालन गर्न सक्नेछ ।

६. दोस्रो पक्षले जुन प्रयोजनका लागि प्रथम पक्षबाट पर्यटन पूर्वाधार वा सम्पदाको सञ्चालन, व्यवस्थापन र संरक्षणका लागि सम्झौता गरेको हो, सोही प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ ।

७. प्रथम पक्षले पर्यटन पूर्वाधार वा सम्पदाको व्यवस्थापनका सम्बन्धमा दोस्रो पक्षलाई निर्देशन दिन सक्नेछ, उक्त निर्देशनको पालना गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ ।

८. कावु बाहिरको परिस्थिति परी पर्यटन पूर्वाधार वा सम्पदाको संरक्षण गर्न बाधा परेमा वा समयमा बुझाउनुपर्ने किस्ता रकम बुझाउन दोस्रो पक्ष असमर्थ भएमा प्राविधिक प्रतिवेदनका आधारमा पहिलो पक्षले आवश्यक निर्णय गर्न सक्नेछ ।

१०. पर्यटन पूर्वाधार वा सम्पदाको व्यवस्थापनको समय सकिई प्रथम पक्षलाई बुझाउनु अगावै पूर्ववत अवस्थामा ती पर्यटन पूर्वाधार वा सम्पदालाई पुर्याउने दायित्व दोस्रो पक्षको हुनेछ । दोस्रो पक्षले पर्यटन पूर्वाधार वा सम्पदाको पूर्ववत अवस्थामा नल्याएमा त्यसको मूल्याङ्कन गरी प्रथम पक्षले सरकारी बाँकी सरह असुल उपर गर्नेछ ।

| प्रथम पक्ष | दोस्रो पक्ष |
| --- | --- |
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्थाको छाप : | संस्थाको छाप : |

रोहबर:

स्थानीय जनप्रतिनिधिको नाम:

पद:

स्थानीय तह: ईति ............ महिना ...............रोज .....शुभम्